# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८१/८२

## बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
२०८१ असार ९

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल
२०७३

गंगा बहादुर तामाङ
अध्यक्ष

# आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

## पन्ध्रौं गाउँ सभा

## २०८१ असार ९ गते

**बलेफी गाउँपालिकाको पन्ध्रौं गाउँसभामा उपस्थित आदरणीय**

**सभाका उपाध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु,**

**सभा - सचिव ज्यू,**

**राष्ट्र सेवक कर्मचारी ज्यूहरु,**

**पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,**

बलेफी गाउँपालिकाको यस गरिमामय पन्ध्रौं सभामा उपस्थित भई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। बलेफी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा यो व्यवस्थाका लागि जीवन आहुति दिनुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका जनयुद्ध, जन-आन्दोलनहरुको क्रममा बेपत्ता, घाइते र अपाङ्गता भएका योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पछि गाउँपालिकाले प्रस्तुत गरेको यो तेश्रो नीति तथा कार्यक्रम हो।

संघीयता कार्यान्वनयन भए पश्चात स्थानीय सरकारललाई सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी आम नागरिकका दिनानुदिनका समस्या एवम् आवश्यकताको सम्बोधन, सार्वजनिक सेवा प्रवाह तथा सुशासन र विकास निर्माण जस्ता जनअपेक्षा र जनभावना अनुरुप कार्य सम्पादन गर्न मुख्य चुनौती रहेको छ ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

बलेफी गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा तपसिल बमोजिमका नीतिगत विषयहरुको आधारमा तयार गरिएको छः

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४,
- बलेफी गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना,
- नेपाल सरकार र बागमती प्रदेशको आ.व. २०८१/०८२ मा लिएका नीति तथा कार्यक्रम,

**सभाका उपाध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरू,**

यस सम्मानित सभा समक्ष म यस बलेफी गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रंम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १. आर्थिक क्षेत्र तर्फः

### (क) कृषि तथा पशुपन्छी

- पालिका भित्रका कृषकहरुका लागि आवश्यक पर्ने कृषि औजारहरु जस्तैः हाते ट्याक्टर लगायतका सामग्रीहरु अनुदानमा उपलब्ध गरिनेछ साथै सो संचालन तथा मर्मत सम्बन्धी अभिमुखीकारण तालिमको व्यवस्था गरिनेछ।
- एक वडा एक कृषि उत्पादन कार्यक्रम अन्तर्गत वडा नं. १ लाई आलु पकेट क्षेत्र विस्तार गरिनेछ।
- बलेफी गाउँपालिकाको समन्वय तथा निजी क्षेत्रको सहकार्यमा दुध संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्दै बजारीकरण सम्बन्धमा प्रविधि हस्तान्तरण कार्यक्रम संचालनका सहजीकरण गरिनेछ ।
- **"उपाध्यक्ष फलफूल प्रवर्धन कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।
- पशुपालनमा बलेफी गाउँपालिका वडा नं. ६ लाई भैसी पकेट कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।
- पालिका भित्रका कृषि योग्य जमिनको वर्गीकरण र उपयुक्त बाली सिफारिस गरी निश्चित क्षेत्रमा सूचना बोर्ड राख्ने र उक्त क्षेत्र भित्रका कृषकहरुका लागि कृषि अभिमूखीकरण तालिम सञ्चालन गरिनेछ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

- किसानका खेतबारीमा आधुनिक कृषि औजार लैजान र ल्याउन सहज हुनेगरी कृषि मार्ग निर्माणमा निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र कृषि उपज सामग्री संकलन केन्द्र स्थापना गर्न पहल गरिनेछ।
- कृषि तथा पशु स्वास्थ्य परीक्षण शिविर संचालनलाई निरन्तरता दिइनेछ।
- किसानहरुको आर्थिक स्तर वृद्धि गर्नका लागि बेमौसमी तरकारी बाली उत्पादन गर्न प्लाष्टिक टनेल र आवश्यक सामग्री वितरणको व्यवस्था गरि किसानहरुको उत्पादन बढाउन र अर्गानिक खेति प्रणलीलाई बढ्ावा दिनको लागि प्राङ्गारिक तथा कम्पोष्ट मल र जैविक विषाधी बनाउने सम्बन्धि तालिमको व्यवस्था मिलाइनेछ।
- कृषकहरुलाई कृषि क्षेत्रको अवस्था र प्रयोगमा आएका विभिन्न प्रविधिहरुको अध्ययन तथा अवलोकनका लागि भ्रमणको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्रका व्यवसायिक कुखुरापालन, तरकारी खेती, मत्यपालन कृषकहरुलाई आधारभूत तालिम र सामग्री उपलब्ध गराउने नीति लिइनेछ ।
- जग्गा बाँझो रहेको गाउँपालिकालाई जानकारी गराएमा उक्त जग्गामा सुन्तला, कफी, टिम्मुर खेती गर्न सहकारी तथा समूहहरुसँग समन्वय गरिनेछ। साथै, बाँझो जग्गा भाडामा लिएर कृषि व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ।
- गोठ सुधार कार्यक्रम संचालनमा ल्याईनेछ।
- राष्ट्रिय नीति बमोजिम गाँजा खेती सम्बन्धी आवश्यक रणनीति अवलम्बन गरिनेछ ।
- उत्कृष्ट युवा उद्यमी कृषक पहिचान गरी सम्मान गरिनेछ।
- एक वडा एक कृषि र पशु प्राविधिकको व्यवस्था गरिनेछ।
- दुध उत्पादनमा आत्मनिर्भर गाउँपालिका बनाई निर्यातलाई बढावा दिन गाउँपालिकाका सबै वडाहरु समेटिने गरी दुहुना गाई भैंसी लागत साझेदारिमा सहकारी मार्फत खरिद गर्न अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।
- बाली नालीमा क्षती पुर्याउने बाँदर, बदेल, दुम्सी जस्ता वन्यजन्तु नियन्त्रणको लागि विशेष कार्यक्रम संचालनमा ल्याइनेछ।
- स्थानीय उत्पादन स्थानीय स्तरमा नै उपभोग गर्न प्रोत्साहन गरिनेछ।
- पशु स्वास्थ्यमा निःशुल्क उपचार गर्ने नीति लिइनेछ साथै विपद्को रूपमा आइपर्ने विभिन्न रोगहरुको समयमा नै निःशुल्क खोपको व्यवस्था गरिनेछ।
- कृषिमा यान्त्रिकरण कार्यक्रमलाई प्राथामिकता दिइने छ।
- कम्तिमा ५ ओटा भन्दा बढी दुहुना वस्तु पालिएका कृषि फर्महरुलाई आवश्यक संख्यामा साझेदारीमा काउ-म्याट **(Cow Mat)** उपलब्ध गराईनेछ।

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल
२०७३

गंगा बहादुर

- आवश्यकताका आधारमा **Cow Lift** खरिद गरि प्रयोगमा ल्याउनेछ।
- कृषकको पहिचान गरी किसान परिचय-पत्र वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।
- सहकारी मार्फत उपलब्ध गराइने रासायनिक मल आपुर्ति तथा वितरण कार्यलाई सहज बनाउन आवश्यक सहजीकरण तथा समन्वय गर्न पहल गरिनेछ।
- तरकारी बाली उत्पादन गर्न तालिम संचालन गरिने छ।
- पशु बिमा कार्यकमलाई गाउँपालिकाद्वारा सहजीकरण गरिनेछ।
- बलेफी गाउँपालिका क्षेत्र भित्र मौरी पालन गर्न योग्य स्थानको पहिचान गरी "एक घर एक मौरी सहितको घार" वितरण अभियानलाई निरन्तरता दिइनेछ ।
- गाई वा भैसीपालन गरिरहेका पशु फर्मवालालाई अनुदान सहयोग तथा प्राविधिक सहयोग गरिने नीतिलाई निरन्तरता दिइने छ ।

## (ख) सिंचाई

- सम्भावित स्थानहरुको पहिचान गराई जमिन मुनिको पानी बोरिङ तथा लिफ्टिङ्ग गर्ने नीति लिइनेछ।
- गाउँपालिका भित्रका खेती योग्य जमिनलाई सिंचित गर्नका लागि कुलो, नहर, ट्याङ्की तथा प्लास्टिक पोखरी निर्माण र पाइपको उपलब्धतालाई निरन्तरता दिइनेछ।
- अँधेरी खोला जुगेपानी सिँचाई योजना, थारथान खोला आरुबोटे गहते मगरडाँडा सिँचाई योजना, विन्जेल वेशी ठाडोबाटो सिस्ने फाँट सिँचाई योजना सम्पन्न गरिनेछ।
- टनेल खेतीलाई व्यवस्थित गर्दै थोपा सिंचाई प्रणालीलाई प्रोत्साहन गरिने छ।

## (ग) पर्यटन, सांस्कृतिक सम्पदा

- बलेफी गाउँपालिकामा अवस्थित पर्यटकीय एवं ऐतिहासिक महत्वका स्थानहरु मठ मन्दिर, गढी, गुम्बा, कृषि पर्यटकीय क्षेत्र लगाएतका सार्वजनिक महत्वका स्थानहरुको संरक्षण र संवर्धनका लागि आवश्यक पूर्वाधार निर्माणको नीति लिइने छ।
- गढी डाँडा संरक्षण तथा बुद्धपार्क निर्माण कार्यको थालनी र सेल्ताप माईको मन्दिरलाई धार्मिक एवं पर्यटकीय स्थलको रुपमा परिचित गराउन चिलाउने सेल्ताप पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- आदिवासी जनजाती तथा दलित लक्षित सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।
- र्याफ्टिङ **(RAFTING)** व्यवसायलाई प्रोत्साहन गरिनेछ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

- गाउँपालिका भित्र प्यारागलाइडिङ र क्यानोनिङ्गको पहिचान गरी सम्भाव्यता अध्ययन गरिनेछ।
- ऐतिहासिक स्थल, पुरातात्विक महत्वका स्थान, मठ मन्दिर, गुम्बा, कृषि क्षेत्र, पर्यटन एवं सार्वजनिक महत्वका स्थान जोडिने गरी एक वडा एक पदमार्ग निर्माण कार्यक्रम अघि बढाइने छ।
- जातीय परम्परागत बाजाहरुको संरक्षण तथा संवर्धन गरिनुका साथै धर्म, संस्कृति अनुसारको चाडपर्वहरु मनाउन प्रोत्साहन गरिनेछ।
- गाउँपालिका भित्रका धार्मिक स्थलहरुलाई पर्यटकीय स्थलका रुपमा विकास गर्न र स्थानीयको आर्थिक स्तरोन्नति गर्न होम स्टे निर्माण तथा सो संचालनका लागि तालिमको व्यवस्थालाई निरन्तरता दिइनेछ।

## (घ) उद्योग व्यापार, व्यवसाय तथा आपूर्ती

- उद्यमशील र स्वरोजगार बन्न चाहाने युवाहरुका लागि सालको पातबाट निर्माण गर्न सकिने दुना टपरी निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ।
- होटल, होमस्टे, पर्यटन प्रवर्धन सम्बन्धित व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सुरुको ३ वर्ष पालिकामा तिर्नुपर्ने व्यवसायिक कर छुटको व्यवस्था गरिने छ।
- रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना गर्ने उदेश्यले यस गाउँपालिका कार्यलयमा दर्ता भई सञ्चालनमा आएका अटो रिक्सा व्यवसायलाई व्यवस्थित गर्दै लगिने छ।
- उद्योग ग्राम संचालन गरी घरेलु तथा साना उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ।
- सिलाई बुनाई, गलैचा बुन्ने, डल बनाउने आदिजस्ता माध्यमबाट जीविकोपार्जन गरिरहेका वा घरेलु उद्यम गरिरहेकालाई आधुनिक मेशिन वितरण गरिने छ।
- गाउँपालिका भित्र दुध उत्पादनको प्रचुर सम्भावना देखिएका स्थानलाई केन्द्रित गरी दुग्ध प्रशोधन केन्द्रको रुपमा विकास गरिदै लगिनेछ।
- पशुपन्छी तथा पशुलाई जथाभावी बध गर्ने कार्यलाई निरुत्साहित गर्दै व्यवस्थित पशु बधशाला निर्माणको लागि गाउँपालिकाबाट साझेदारी गरिनेछ।

## (ङ) श्रम रोजगारी र सामाजिक सुरक्षा

- बलेफी गाउँपालिका भित्र रोजगारी श्रृजना, रोजगार बैंक, नमूना रोजगार सेवा केन्द्र निर्माणको लागि स्थानीय तहको रोजगार रणनीति निर्माण गरी सो अनुसार पालिका भित्रका सम्पूर्ण बेरोजगारहरुले रोजगारी प्राप्त गर्ने वातावरण श्रृजना गरिने छ ।



बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग गाउँपालिकाको लागत साझेदारीमा (प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को परिच्छेदं ५ को दफा १९ उपदफा (३) बमोजिम बेरोजागारहरुलाई १०० दिनको न्युनतम रोजगारी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- बलेफी गाउँपालिका भित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारहरुको सूची अद्यावधिक गरिनेछ।
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा ब्यवस्थापन) कार्यविधि, २०८० अनुसार कार्य गर्ने नीति लिईने छ। रोजगारीका अवसर श्रृजना, सम्भाव्यता अध्ययन, चुनौती, समस्या र अवसरहरुको खोजी गरी सुझाव दिलाउने उदेश्यले रोजगार संवाद मञ्य गठनको लागि कार्यविधि निर्माण गरी रोजगार संवाद मञ्च संचालन गरिनेछ।
- रोजगारदाताहरको पहिचान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत भएको बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्ने रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाब्यता जानकारी गराउन छलफल तथा परामर्श गरिनेछ ।
- स्टार्ट अप **(Start Up)** व्यवसाय गर्न चाहाने, स्वरोजगार बन्न चाहने बेरोजगार युवाहरुलाई कार्ययोजना मूल्याङ्कनका आधारमा बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिने छ।
- गाउँपालिका भित्र संचालन भएको रोजगार तथा सीप प्रदान गर्ने कार्यसंग सम्बन्धित अन्य शाखासँग समन्वय गरी थप रोजगारी सृजना गर्ने कार्यमा सहकार्य गरिने छ।
- वैदेशिक रोजगारीबाट फर्केका र बेरोजगार १८ देखि ४० वर्ष भित्रका १२० जना युवाहरुलाई कार्यस्थलमा आधारित सीपमुलक डकर्मी, प्लम्बीङ्ग र सडक मर्मत सम्बन्धी तालिम संचालन गरिनेछ।
- विकास निर्माणका कार्यहरुमा स्थानीय श्रम शक्ति बाट मात्र सञ्चालन गर्ने कामलाई प्राथामिकता दिईनेछ ।

## (च) पूर्वाधार विकास तर्फ

- उपभोक्ता समिति मार्फत संचालन गरिँदै आएका रू. ५ लाख भन्दा माथिका योजनाहरुको लागि अनिवार्य स्थायी लेखा नम्बर **(PAN)** मा दर्ता गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ग्रामीण विद्युतीकरणलाई नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी नाङ्गा तार विस्थापन साथै केवलतार जडानको लागि पहल गरिनेछ ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

- खाडीचौर पुरानोगाउँ चिम्लिङ सडकज, लविरे फुल्पिङकोट धुस्कोट सडक, तल्लोगाउँ उनीचौर खर्कचौर डेरी सडक र डाडलीडाँडा तिमिल्सिनाटोल सडक स्तरोन्नति गरिनेछ ।
- निर्माणाधीन जलविरे प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य आगामी आ.व. भित्र सम्पन्न गरिनेछ साथै १ नं. वडा कार्यालय भवनको लागि जग्गा व्यवस्थापन गरी भवन निर्माण प्रक्रियालाई प्राथमिकताका साथ आगाडी बढाइनेछ ।
- पालिका भित्रका जग्गा वर्गीकरण कार्यलाई अगाडी बढाइनेछ ।
- हाल संचालनमा रहेका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको लागि जनश्रमदान १० प्रतिशत कायमै गरिनेछ ।
- वडा भित्रका सबै शाखा सडकहरुलाई बाह्रै महिना सञ्चालन गरिने व्यवस्था मिलाइने छ।
- गाउँ गाउँसम्म पुग्ने मुख्य सडक नियमित मर्मत सम्भार र सरसफाईका लागि वर्षातको समयमा सडक हेरालुको व्यवस्था गरिने छ।
- ग्रामिण सडक कायम गरि लगत कट्टा गर्ने कार्यलाई प्राथमिकताका साथ गरिनेछ ।
- भवन निमार्ण आचारसंहिता बनाई नयाँ निर्माण हुने घर तथा भवनको नक्सापास गर्ने र बनिसकेका घरहरुको अभिलेखिकरणको कार्यलाई निरन्तरता दिइनेछ।

➢ गाउँपलिकाभित्र रहेका घर-जग्गाको मूल्य निर्धारण (मूल्याङ्कन) गर्ने कार्य समायानुकूल वैज्ञानिक विधिमार्फत स्तरबृद्धि गरिने छ।

➢ बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सहायक राष्ट्रिय राजमार्गको रुपमा स्तरोन्नतीको कार्य भइरहेको र शाखा सडकहरुको नियमित अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

➢ बलेफी गाउँपालिका समेतको साझेदारीमा संघीय तथा प्रदेश समपूरक बजेटबाट निर्माण हुने कोठे विन्जेल धुस्कोट सडक, जलविरे फुल्पिङकोट धुस्कोट सडक र खाडीचौर पुरानागाउँ चिम्लिङ्ग सडक योजनाहरुलाई प्राथामिकतामा राखिने छ।

➢ गाउँपालिका तथा वडामा भएका विकास निर्माण लगायतका भौतिक पूर्वाधारका प्रगति विवरणको भिडियो तथा वृत्तचित्र बनाई सार्वजनिकीकरण गरिनेछ ।

➢ गाउँपालिका भित्र निर्माण हुने भौतिक पूर्वाधारका संरचनाहरु बालमैत्री, वातावरणमैत्री, अशक्तमैत्री र जेष्ठ नागरिकमैत्री निर्माण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

➢ भौतिक पूर्वाधार तथा निर्माण संरचनाको गुणस्तरीयता को सुनिश्चितता गरिने छ ।

➢ गाउँपालिको भित्रका बस्तीहरु चोकहरु, बजारहरु र कार्यालय परिसरहरुमा आवश्यकताको आधारमा सौर्य सडक बत्ती, होडिङ्ग बोर्ड तथा सूचना पाटीहरु राखिनेछ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बाग्मती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

- गउँपालिकाको निर्माणाधीन प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ भने आगामी आ.व. देखि सुचारु रूपमा सेवा प्रवाहको कार्य थालनी गरिनेछ।
- गाउँपालिकाका नियमित योजनाहरु पुस मसान्त सम्ममा सम्झौता सम्पन्न गरी सक्ने र जेठ मसान्त सम्ममा योजना सम्पन्न गरी भुक्तानी गरी सक्ने नीति लिइने छ।
- गाउँपालिका भित्रका सम्भावित स्थानहरुमा ढुंगा खानी संचालन गर्न सम्भाव्यता अध्ययन गरी वातावरणीय प्रभाव मूल्यांकन **(EIA)** का लागि पहल गरिनेछ।
- सामाजिक परामपरा अनुसार सद्गद (दाहसंस्कार) गर्ने स्थल घाट, विद्वान तथा पार्टीलाई व्यवस्थित बनाई बेवारिसे लासहरुको समयमा नै व्यवस्थापन गरिने छ।
- गाउँपालिका भित्र हुने गरेका योजनाहरुको कन्टिजेन्सी बापत लिईदै आएको ४% कन्टिजेन्सीलाई निरन्तरता दिइनेछ ।

## (छ) खानेपानी तथा सरसफाई

- खानेपानीको मुहान नभएका स्थानहरुमा डिप बोरिङ्ग तथा लिफ्टिङ्ग मार्फत खानेपानी उचित व्यवस्थापन गरी सहज पहुँचको सुनिश्चितता गरिने छ ।
- सडक पेटी तथा बजार क्षेत्रमा आवश्कताका आधारमा डस्टबिनको व्यवस्था गरिनेछ ।
- एक घर एक धारा, स्वच्छ सफा र सुरक्षित पिउने पानीको व्यवस्थापन निरन्तर गरिनेछ ।
- गाउँ घरमा उत्पादन हुने तर नकुहिने प्रकृतिका फोहोरहरुको उचित व्यवस्थापन वडाहरु मार्फत गरिने छ ।

## (ज) सामाजिक क्षेत्र विकास तर्फ

### ➢ शिक्षा सम्बन्धी नीतिहरु

- माध्यामिक तह कक्षा १२ सम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउने नीतिलाई प्राथमिकताका साथ लागू गरिने छ।
- विद्यालय समायोजन एकीकरण तथा दरबन्दी मिलान सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन, २०८० बमोजिम विद्यालय समायोजन एकीकरण तथा दरबन्दी मिलानको कार्यलाई अगाडी बढाउदै लगिनेछ ।
- विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय तहका कक्षा ५ र ८ को परिक्षा प्रणालीलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बाग्मती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

- विशेष क्षमता प्रदर्शन गर्ने विद्यार्थीलाई विद्यार्थी प्रतिभा पुरस्कार तथा सम्मान प्रदान गर्ने नीति लिइने छ ।
- एस.ई.ई. परिक्षामा ४ जी.पी.ए (**GPA**) ल्याउने विद्यार्थीहरूलाई सम्मान स्वरूप रु. १ लाख प्रदान गरिने व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शैक्षिक सुधारको लागि तहगत (१-३),(३-५),(५-८) र (९-१०) को नतिजा विश्लेशण गरी शिक्षक, विद्यार्थी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालयका शिक्षहरुलाई प्रविधिमैत्री बनाउने उदेश्यका साथ गाउँपालिका भित्रका विद्यालयका शिक्षकहरुका लागि **ICT** लगायतका तालिमको व्यवस्था मिलाइने छ ।
- प्रविधिक शिक्षा अध्ययन गर्न चाहने र अध्ययन गरिरहेको आदिवासी जनजाति, दलित सिमान्तकृत परिवार तथा शहिद, घाइते, बेपत्ता परिवारका सदस्यहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालय तहको परिक्षाका लागि प्रश्नपत्र र उत्तरपुस्तिका निःशुल्क उपलब्ध गराउने नीति लिइनेछ ।
- प्रविधिमैत्री शिक्षालाई निरन्तरत अगाडी बढाइनेछ।
- विद्यालयमा अतिरिक्त क्रियाकलाप गर्न गराउन प्रोत्साहन गरिनेछ ।
- **"अभिभावक शिक्षा कार्यक्रम"** प्रत्येक विद्यालयमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाईनेछ ।
- नमूना विद्यालय अध्ययन भ्रमण गरी सबल पक्षको आत्मसात गर्ने कार्यलाई प्रोत्साहन गरिने छ।
- बलेफी गाउँपालिका भित्रका नागरिकले एमफील (**MPhil**) र पीएचडी (**PhD**) गर्न चाहेमा क्रमश रु १ लाख र १ लाख ५० हजार र यसै गाउँपालिकाको विषयमाथी उच्च एमफील (**MPhil**) र पीएचडी (**PhD**) गरेमा २ लाख रुपैयाँ छात्रवृत्ति उपलब्ध गराइने छ। साथै एमबीबीएस (**MBBS**) अध्ययनका लागि प्रवेश परीक्षा उत्तिर्ण गरेका पालिका भित्रका नागरिकका लागि प्रत्येक वर्ष रु. १ लाखका दरले छात्रवृति प्रदान गरिने छ।
- सामुदायिक विद्यालयहरुमा बाल उद्यान, बाल बाटिका, बाल मैत्री संरचनाहरुको विकास गरिने छ।
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यक्रम छपाई गरी उपलब्ध गराइनेछ ।
- सामुदायिक विद्यालयहरुमा अङ्ग्रेजी माध्यमको पठन पाठनलाई अभिप्रेरित गरिने छ।
- बाल स्वास्थ्यलाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापन कार्यविधिलाई लागू गर्दै बालविकास कक्षा देखि १० सम्मको लागि दिइँदै आएको

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बाग्मती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

अनुदानलाई निरन्तरता दिइने छ। साथै विद्यालय क्षेत्र जङ्कफुड, धुम्रपान, मध्यपान निषेधित क्षेंत्र घोषणा गर्ने कार्यलाई निरन्तरता दिइएको ।

- आ.व. २०८१/०८२ मा बलेफी गाउँपालिका वडा नं. ५ लाई बालमैत्री वडा घोषणा गरिने र बाँकी वडाहरुमा पनि क्रमशः घोषणाका लागि तयारी गरिनेछ ।

## ➢ महिला बालबालिका तथा ज्येष्ठ नागरिक र सामाजिक समावेशिकरण

- छोरी जन्मेको घरमा **"छोरी भेटघाट कार्यक्रम"** सञ्चालन गरिने छ । छोरी जन्मेपश्चात प्रदान गरिँदै आएको रू. ५ हजार निरन्तरताका साथ दिइनेछ ।
- दलित विपन्न परिवारका महिला कृषकहरुलाई जीविकोपार्जनको लागि पाडा, पाडी वितरण कार्यक्रम संचालन गरिनेछ।
- बागमती प्रदेश र गाउँपालिकाको साझेदारीमा गृहिणी महिला सशक्तीकरण कार्यक्रम संचालनमा महिलाहरुको सहभागिता गराई आय-आर्जनमा वृद्धि गराईनेछ ।
- मृतक परिवार भेटघाट कार्यलाई निरन्तरता दिइनेछ ।
- **"उपाध्यक्ष सुत्केरी भेटघाट कार्यकम" लाई** निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित गरिनेछ। साथै जेष्ठ नागरिक, शरिरीक रुपले अशक्त लगायतलाई घर घरमै सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- गैर सरकारी संस्थाहरुसँग समन्वय गर्दै कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान तथा सचेतना कार्यक्रमलाई निरन्तरताका साथ संचालन गरिनेछ ।
- महिला हिंसा, बालविवाह, बहुविवाह, बालश्रमिक, दाइजो, बोक्सीजस्ता कुरीति, भु-संस्कार, सामाजिक भेदभावजन्य क्रियाकलाप, विरुद्धका जनचेतनाका कार्यक्रम संचालन गरिने छ।
- महिला, दलित, जनजाती, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता, शहिद घाइते र बेपत्ता परिवारको उत्थानको लागि उनीहरुको क्षमता विकास गरी आय-आर्जनका लागि विविध कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिंदै लगिने छ साथै उनीहरुलाई आर्थिक सहयोग प्रदान गरिने छ।

## ➢ स्वास्थ्य, जनसंख्या तथा पोषण

- अति विपन्न असाहय, शारीरिक रुपले असक्त, अपाङ्गता भएका र जेष्ठ नागरिकका लागि उपचार खर्च सहयोग उपलब्ध गराइने छ ।



बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

- स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई उपलब्ध गराउँदै आएको मासिक यातायात खर्च रू. २ हजार रकमलाई निरन्तरता साथ प्रदान गरिने छ । साथै, प्रोत्साहन भत्ता बापतको प्रति बैठक रु. ४०० का दरले दिइने खर्चलाई समेत निरन्तरता दिइने छ।
- महिलाहरुमा देखिने आँङ खस्ने, फिस्टुला, स्तन क्यान्सर, पाठेघर जस्ता रोग लक्षित वडा स्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- वर्थिङ्ग सेन्टरहरुलाई सुविधा सम्पन्न बनाई सेवालाई छिटो र छरितो बनाइने छ।
- सुत्केरीं महिलालाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।
- शारीरिक तन्दुरुस्तका लागि एक वडा एक सार्वजनिक व्यायमशाला निर्माण गरी सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- मृगौला प्रत्यारोपण गरेका, डाइलियसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापतको खर्च प्रदान कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य सम्बन्ध जनचेतनामूलक सन्देशहरु समय समयमा विभिन्न सञ्चारमाध्यमबाट प्रचार प्रसार गर्नुका साथै स्वास्थ्य आमा समूह, महिला स्वास्थ्य स्वंम सेविकामार्फत गाउँ बस्ति टोल टोलमा सूचना सम्प्रेषण गरिने छ ।
- गाउँपालिका पूर्ण खोप सुनिश्चित घोषणा भएको छ र यसलाई दिगो रूपमा आगामी दिनहरुमा कार्यान्वयन गर्दै लगिनेछ ।
- प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गर्ने महिलाहरुलाई पोषण सामग्री वितरण गरिने छ।
- बर्थिङ्ग सेन्टर भएका स्वास्थ्य संस्थाहरुमा **Video x-ray** को व्यवस्थाको लागि पहल गरिनेछ।

## ➢ यूवा तथा खेलकुद

- आफ्नो गाउँपालिका भित्र उचित स्थानको सम्भाव्यता अध्यन गरी सुविधा सम्पन्न खेलमैदान निर्माण गर्न पहल गरिने छ।
- समाजमा युवा क्लबहरुको भूमिकालाई सशक्त बनाई खेलकुद विकासमा सक्रिय बनाउन अप्रेरित गरिने छ।
- स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद कार्यक्रमलाई प्राथमिकताका साथ गर्दै विभिन्न खेलकुद प्रतियोगिताहरू संचालन गरिने छ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

- बलेफी गाउँपालिकाको खेल क्षेत्रको विकासको लागि कार्यविधि निर्माण गरी खेलकुद विकास समिति गठन गरी खेलकुद सम्वन्धि गतिविधिलाई प्रभावकारी बनाइने छ।
- पालिका भित्रका खेलकुदमा राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता खेलाडीलाई क्रमशः नगद ५० हजार र १ लाख सहित सम्मान गरिनेछ।
- विद्यालयहरुमा स्काउट गठन गरिने छ।

## ➢ वन, वातावरण तथा विपद् व्यवस्थापन

- ➢ विपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिनुका साथै विपद् व्यवस्थापन नीति तथा कार्ययोजना निर्माण जोखिम नक्साङ्कन तथा बृहत अध्ययन प्रतिवेदन तयार गरिने छ ।
- ➢ पालिका भित्रका बजार क्षेत्रमा फायर डिस्टिगुइसर राख्न पहल गरिनेछ ।
- ➢ बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न छिमेकी स्थानीय तहहरू सँगको साझेदारीमा स्थायी ल्याण्डफिल्ड साइडको खोजि गरी फोहोर मैलाको उचित व्यवस्थापन गरिने छ।
- ➢ सामुदायिक वन उपभोक्ता समितिहरुको सहकार्यमा वन डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ➢ प्राकृतिक विपद् बाट पूर्णरुपमा आवास क्षति भएका नागरिकहरुलाई अवस्था हेरी आवास निर्माण गर्न अनुदान उपलब्ध गराईने छ।
- ➢ विपद् प्रतिकार्य तथा उद्धार सामग्रीहरु गाउँपालिका भित्रका प्रहरी चौकीहरुलाई उपलब्ध गराईनेछ ।
- ➢ पहिरो जाने सम्भाव्य स्थानहरुमा वृक्षारोपण कार्यक्रमहरु संचालन गरिनेछ ।
- ➢ विपद व्यवस्थापन, राहत तथा उद्धार कार्यको लागि आवश्यक पर्ने आधारभुत सामाग्रीहरु पर्याप्त रुपमा उपलब्ध गराइने छ। साथै गाउँपालिका स्तरीय विपद् व्यवस्थापन तालिमको व्यवस्था गरिने छ।
- ➢ आपतकालिन कार्य सञ्चालन केन्द्र **(LEOC)** स्थापना, विपद् पूर्व तयारी तथा प्रतिकार्य सामग्री हरित मनसुनजन्य विपदबाट क्षति हुने निजी आवास पुनः निर्माणका लागि लागत सहभागिता, विपद् खोज उद्धार तथा राहत वितरण कोष, विपद् व्वस्थापन सम्बन्धी तालिम तीन दिने पालिका स्तरीय विपद् कृतिम अभ्यास **(Disaster Demo presentation)** सञ्चालन गरिने छ ।
- ➢ विपद् व्यवस्थापन कोष संचालनलाई निरन्तरता दिइनेछ ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

- प्लाष्टिकजन्य वस्तुले वातावरणलाई पार्ने असरलाई कम गर्न गाउँपालिका भित्रका खेर गएका प्लाष्टिकजन्य वस्तु संकलन गरी प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिने छ।
- गाउँपालिकाले एम्बुलेन्स, अग्नी नियन्त्रक संचालनमा ल्याउन पहल गरिने छ।

## ➢ सुशासन तथा संस्थागत विकास तर्फ

- विद्युतीय शासनको अभ्यासलाई संस्थागत गर्न आर्थिक वर्ष २०८१/०८२ भित्रमा नेपाल दुरसंचार प्राधिकरणसँगको सम्झौतामा बमोजिम गाउँपालिका सम्पूर्ण सामूदायिक विद्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तारको लागि फाइबर जडानको कार्य सम्पन्न गरिनेछ साथै गाउँपालिकामा सूचना र सन्चार प्रविधिको पहुँच अभिवृद्धि गर्न पालिकाका विभिन्न स्थानमा **Free Wifi Zone** को व्यवस्था गर्न पहल गरिनेछ।
- **E-Governance** कायम गर्न कर्मचारीले कार्यालयमा हाजिरी भएको र कार्यालय छोडेको समयं लगायत कर्मचारीको बिदा, काज लगायतको अभिलेख राख्न सबै वडा कार्यालय र स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी (**Electronic Attendance Device**) जडान गरिनेछ र उक्त कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको हाजिरी विवरण एकीकृत हाजिरी व्यवस्थापन प्रणाली मार्फत गाउँ कार्यपालिकाको कार्यालयबाट नै व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ ।
- सर्वसाधारणलाई सेवा प्रदान गर्न वा जनसम्पर्क कायम गर्न बलेफी गाउँ कार्यपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्र जडान गरिनेछ ।
- योजना तर्जुमा गर्दा गाउँपालिकाको आवधिक योजना (आ.व.२०८०/०८१ - २०८४/०८५) अनुरुप र थप योजना गाउँ, टोल, बस्ती स्तरबाट आवश्यकता अनुसार योजना टिपोट र छनोट गर्ने व्यवस्था गरिनेछ ।
- सबै प्रकारका व्यवसायलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानका रुपमा संचालनमा ल्याउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- बलेफी गाउँपालिकाभित्र अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न र विद्युतीय उपकरणहरुको प्रभावकारिता बढाउन गाउँपालिकाको प्रशासकीय भवन लगायत सार्वजनिक स्थान, राजमार्गका संवेदशील स्थलहरुमा सिसिटिभि (**CCTV**) जडान गरिनेछ।
- आमसंचारलाई जनमूखी बनाई सूचना सम्प्रेषण कार्य सामाजिक सञ्जाल, फेसबुक पेज (**Facebook Page**), वेबसाइट (**Website**), ग्रुप एस्.एम्.एस्. (**Group SMS**) जस्ता प्रविधिको प्रयोग मार्फत अध्यावधिक गरिनेछ साथै गाउँपालिकाको स्वामित्वमा एफ.एम रेडियो (**FM Radio**) संचालनका लागि पहल गरिनेछ।



बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३
गंगा बहादुर तामाङ उपाध्यक्ष

- वार्षिक समिक्षा, चौमासिक सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनीक परिक्षण जस्ता कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गबाट समयमै संचालन गरिनेछ ।
- डिजिटल नेपालको अवाधरणालाई आत्मसाथ गर्दै कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई छिटो, छरितो रूपमा जनतासामु पुर्याउन गाउँपालिकाद्वारा प्रयोगमा आएका सूचना प्रणालीहरुलाई अध्यावधिक तथा व्यवस्थित गर्दै लगिने छ साथै आवश्यकताका आधारमा नयाँ प्रणालीहरु भित्र्याइनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई व्यावसायिक, उत्प्रेरित र उच्च मनोबलयुक्त बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन "उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम" मापदण्ड बनाई लागू गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शी, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीमुलक बनाउन जनताको समान सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूती विविध क्षेत्रमा संचालन हुने कार्यक्रम सम्बन्धमा जनताको असन्तुष्टि एवम् गुनासो सुन्न टेलिफोन मार्फत **Hello Balephi** कार्यक्रम संचालन गरिनुका साथै गाउँपालिकाको वेबसाइटमा गुनासो दर्ताको पोर्टल राखी गुनासो दर्ता गर्न सकिने व्यवस्था मिलाईनेछ।
- दुरसञ्चार मोबाइल नेटवर्क सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन गाउँपालिका भित्र सम्बन्धित सेवा प्रदायक संस्थासँग सहकार्य गर्दै थप टावर विस्तार गर्न पहल गरिनेछ।
- सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन खोप, भिटामिन "ए" वितरण, स्वास्थ्य शिविर, कृषि तथा पशु सम्बन्धि सेवा, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, नागरिकता सिफारिस लगायतका क्षेत्रहरु समेट्दै जनताका आधारभूत आवश्यकतालाई मध्यनजर गर्दै वडा-वडामा एकीकृत घुम्ती सेवा संचालन गरिनेछ।
- गाउँपालिकाका गतिविधिहरु पारदर्शी बनाइनुका साथै संचार क्षेत्रको विकास, पत्रकारिता तालिम र सूचना प्रवाहमा नेपाल पत्रकार महासंघ लगायत निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्न जनप्रतिनिधिहरु र कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।
- गाउँ सभा तथा गाउँ कार्यपालिकाले बनाएका स्थानीय कानून तथा निर्णयहरुको सार्वजनिकरण गर्दा स्थानीय राजपत्रमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अन्तर स्थानीय तहको साझा सरोकारका विषयहरुमा सहकार्य र समन्वय गरिनेछ साथै कम्तीमा एक क्षेत्रमा सह-लगानीका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

गंगा बहादुर तामाङ
अध्यक्ष

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल
२०७३

- व्यक्तिगत घटना दर्ता शत-प्रतिशत पुर्याउनने लक्ष्यका साथ आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- आफ्नो टोल आफै सुधार कार्यक्रम अन्तर्गत टोलमा हुने गरेका विकास निर्माण, सामाजिक विकृति, बिसङ्गति, समाजमा हुने गरेका अनावश्यक हो-हल्ला माथी खबरदारी, निगरानी र जनचेतना फैलाउने कार्य गर्नको निम्ति टोल-टोलमा टोल सुधार समिति गठन गरिने छ।
- वडा स्तरमा रहेका मेलमिलापकर्ताहरुका लागि पुर्नताजगी अभिमुखिकरण तालिम दिईने छ ।
- तिन लांख रुपैयाँ भन्दा बढि लागतका आयोजना कार्यक्रमहरु सञ्चालन स्थानमा कम सुरु हुँदाका बखतमै गाउँपालिकाले तोकिएको विवरण कार्य स्थलमा होर्डिङ बोर्ड स्पष्ट देखिने स्थानमा राख्ने, कार्य सम्पादनको विवरणसहित सूचना बोर्ड र पलेक्स बोर्ड राख्ने कार्यलाई निरन्तरता दिइने छ।
- कर प्रणालीलाई वैज्ञानिक र व्यवहारीक बनाउँदै करदाता शिक्षालाई अभियानको रुपमा चलाईने छ। साथै वहाल करलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइने छ।
- बलेफी गाउँपालिकाले हाल लिंदै आएको राजश्वको दरलाई आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गर्ने नीति लिइने छ।

### सभाका उपाध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरू,

नेपाली जनताको बलिदान, अविस्मरणीय त्याग, सहास र अथक संघर्षको बाबजुत प्राप्ति भएको भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संरक्षण, संवर्धन तथा सुदृढीकरण गर्नु हामी सबैको दायित्व हो। जसअनुरुप, हामीले अपेक्षा गरेको विकास र समृद्धि हासिल गर्न, सुशासन कायम गर्न, राष्ट्रिय गौरव र प्रतिष्ठा वृद्धि गर्न हाम्रा कार्यशैली एवम् कार्यप्रणाली थप जनमुखी, चुस्त, दुरुस्त र नतिजामुखी बनाउन स्थानीय सरकार प्रतिबद्ध रहेको छ।

दिगो विकासका लक्ष्यको आन्तरिकिकरण गर्नुका साथै नेपाल सरकारको सोह्रौं योजना र बलेफी गाउँपालिकाको आवधिक योजनाका लक्ष्य हासिल गर्न यस नीति तथा कार्यक्रमले योगदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु। उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना भई गाउँपालिकाको आर्थिक समृद्धि र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट सम्भव हुने भएको हुँदा यसको कार्यान्वयनमा सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

गंगा बहादुर तामाङ अध्यक्ष

अन्तयमा,

बलेफी गाउँपालिकाको सर्वाङ्गीण विकासका निमित्त योगदान पुर्याउने सभाका सदस्य तथा जनप्रतिनिधिहरु, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, पत्रकारहरु, निजि तथा गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीविहरु एवम् पालिकाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

# धन्यवाद !!!

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

गंगा बहादुर तामाङ
अध्यक्ष